**24th of May**

**यो आकाशवाणी गान्तोक हो**

**चौथो डोड्डुपचेन रिनपोछे**

राज्यपाल Om Prakash Mathur ले आज न्यिङ्मा सम्प्रदायका परम पूज्य चौथो डोड्डुपचेन रिनपोछेको पवित्र पार्थिव शरीरलाई देवराली छोर्तेन गुम्बामा प्रतिष्ठापन गरिने धार्मिक अनुष्ठानमा सहभागिता जनाएका छन्। धार्मिक परम्परा अनुरूप आज बिहान लुकश्यामाबाट पवित्र कार्यक्रम सुरु भएको थियो। यस अवसरमा राज्यपालले रिनपोछेको पवित्र पार्थिव शरीरको दर्शन गर्दै श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो भने विश्व शान्ति तथा मानव कल्याणका लागि प्रार्थना पनि गर्नुभएको थियो। यस क्रममा भव्य पारम्परिक बौद्ध शोभायात्रा निकालिएको थियो, जसमार्फत रिनपोछेको पार्थिव शरीरलाई पूर्ण धार्मिक सम्मानका साथ छोर्तेन गुम्बासम्म ल्याइएको थियो। यस धार्मिक कार्यक्रममा मुख्यमंत्री  पी.एस तामाङ सिक्किम सरकारका धर्म विभागका मन्त्री Sonam Lama, विधायक Tenzing Lamta, तिब्बती बौद्ध धर्मका वरिष्ठ आध्यात्मिक गुरुहरू, लामाहरु, राज्य सरकारका उच्च अधिकारीहरू तथा ठूलो संख्यामा श्रद्धालुहरूको उपस्थिति रहेको थियो।

**ब्रह्मपुत्र बोर्ड**

सिक्किम अब औपचारिक रूपमा ब्रह्मपुत्र बोर्डको पूर्ण सदस्य बनेको छ। आधिकारिक स्रोतहरूका अनुसार राज्य सरकारले नदी संरक्षण, सिंचाइ तथा बाढी व्यवस्थापनसम्बन्धी विभिन्न योजनाका लागि करिब 300 करोड रुपैयाँ बराबरका प्रस्तावहरू बोर्डसमक्ष पेश गरेको छ। यस सम्बन्धी निर्णय, हालै गुवाहाटीमा सम्पन्न बोर्डको बैठकमा अन्तिम रूप दिइएको हो।

यसअघि सिक्किमले ब्रह्मपुत्र बोर्डका बैठकहरूमा विशेष आमन्त्रित सदस्यको रूपमा मात्र सहभागिता जनाउँदै आएको थियो।

हाम्रा संवाददाताका अनुसार प्रस्तावित योजनाहरू मुख्यतः साना सिंचाइ नहरहरूको विकास, बाढी तथा पहिरोको जोखिम भएका क्षेत्रमा संरक्षण पर्खाल निर्माण, साथै नदी किनारमा सुरक्षात्मक तटबन्ध तथा पर्खाल निर्माणमा केन्द्रित रहेका छन्।

**न्यायाधीश मिनाक्षी मदन राई**

न्यायाधीश मिनाक्षी मदन राई पटना उच्च अदालतको मुख्य न्यायाधीश नियुक्त भएकी छन्। सर्वोच्च अदालतको कोलेजियमले 22 मईको दिन उनको नियुक्तिका लागि औपचारिक सिफारिस गरेसँगै उनी देशको कुनै पनि उच्च अदालतको मुख्य न्यायाधीश बन्ने सिक्किमकी पहिलो महिला न्यायाधीशका रूपमा स्थापित भएकी हुन्। सन् 1990 मा सिक्किमकी पहिलो महिला न्यायिक मजिस्ट्रेट प्रथम श्रेणी–एवम्–सिभिल जजका रूपमा न्यायिक सेवा सुरु गरेकी न्यायाधीश राईले तीन दशकभन्दा बढी समय न्याय क्षेत्रमा उल्लेखनीय योगदान दिएकी छन्।  उनले सिक्किम उच्च न्यायालयको रजिस्ट्रार जनरल तथा कार्यवाहक मुख्य न्यायाधीशको जिम्मेवारीसमेत निर्वाह गरेकी थिइन्।

2015 मा उनी सिक्किम उच्च अदालतकी न्यायाधीश बन्ने सिक्किमकी पहिलो महिला बनेकी थिइन्। यसैबीच राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङले न्यायाधीश राईलाई बधाई दिँदै उनको उपलब्धि सम्पूर्ण सिक्किमवासीका लागि गर्व, सम्मान र खुसीको विषय भएको बताएका छन्।

**Sikkim Express**

सिक्किम एक्सप्रेस र हिमाली बेलाद्वारा प्रदान गरिने राम पात्रो स्मृति उत्कृष्ट पत्रकारिता पुरस्कार हिमालय दर्पण सिक्किमका ब्यूरोचिफ अम्बर गुरुङलाई प्रदान गरिएको छ। सिक्किम एक्सप्रेस अनि हिमाली बेलाबाट 2026 का लागि उत्कृष्ट पत्रकारिताको पुरस्कार सारिका

आत्रेयलाई प्रदान गरिएको छ भने टेक बहादुर गुरुङलाई सम्मान गरिएको छ। आज आइतबार गान्तोकमा आयोजित राम पात्रो स्मृति पुरस्कार समारोहका अवसरमा यो पुरस्कार र सम्मान प्रदान गरिएको हो।

सिक्किम एक्सप्रेस तथा हिमाली बेलाले आयोजना गरेको पुरस्कार समारोहमा सिक्किम विधानसभा उपाध्यक्ष राजकुमारी थापा मुख्य अतिथि रहेकी थिइन्। यस अवसरमा विधानसभा उपाध्यक्ष राजकुमारी थापाले राम पात्रो स्मृति पुरस्कारको 21औं संस्करणसम्म पुग्नु सिक्किम एक्सप्रेस तथा हिमाली बेलाका लागि ठूलो उपलब्धि बताउंदै यसको निरन्तरताका लागि शुभकामना व्यक्त गरिन्।

**मौसम विज्ञान**

मौसम विज्ञान विभाग गान्तोकले सिक्किमका विभिन्न जिल्लाका लागि 'येलो अलर्ट' सहितको तत्काल मौसम चेतावनी जारी गरेको छ।

आगामी 2 देखि 3 घण्टासम्म सिक्किमका सबैजिल्लाका अधिकांश क्षेत्रमा हल्का गर्जनसहित चट्याङ, हल्कादेखि मध्यम वर्षा तथा उच्च हिमाली क्षेत्रमा हिमपात हुने सम्भावना रहेको जनाएको छ।मौसम विभागका अनुसार केही स्थानमा एक वा दुई चरणमा तीव्र वर्षा समेत हुन सक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ।